**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २१ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- आगामी विधानसभा चुनाव अघि पारदर्शी र निष्पक्ष चुनाव प्रक्रिया सुनिश्चित गर्ने उद्देश्यले, निर्वाचन आयोगले पश्चिम बंगालमा १९ पुनरावेदन न्यायाधिकरणहरूको गठनको लागि अधिसूचना जारी गरेको छ।

- पश्चिम बंगालमा आगामी विधानसभा चुनाउको लागि चुनाउ आयोगले कड़ा सुरक्षाको व्यवस्था गर्दै 2,400 कम्पनी केन्द्रिय बलहरूलाई तैनाथ गर्ने निर्णय लिएको छ।

- मुख्यमन्त्री ममता ब्यनर्जीले आज विधानसभा चुनाउ भन्दा धेरै अगाड़िदेखि भइरहेको मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर)- को माध्यमबाट मानिसहरूको मतदान गर्ने अधिकार खोस्ने चेष्टा भईरहेको आरोप लगाउनु भएको छ।

- दार्जिलिङ पहाडमा मुस्लिम समुदायका मानिसहरूले आज ईद-उल-फित्रको पर्व हर्षोल्लासको साथ मनाएका छन्|

- कोलकाताको अलिपुर मौसम विभागले आगामी केही दिनहरु सम्म राज्यभरी नै वर्षा हुने पूर्वानुमान गरेको छ| दार्जिलिंगको सन्दकपु क्षेत्रमा आज व्यापक हिमपात भएको छ।

**बंगाल पुनरावेदन न्यायाधिकरण**

आगामी विधानसभा चुनाव अघि पारदर्शी र निष्पक्ष चुनाव प्रक्रिया सुनिश्चित गर्ने उद्देश्यले, निर्वाचन आयोगले पश्चिम बंगालमा १९ पुनरावेदन न्यायाधिकरणहरूको गठनको लागि अधिसूचना जारी गरेको छ। यी न्यायाधिकरणहरूले विशेष गहन पुनरिक्षण प्रक्रियाको क्रममा मतदाता सूचीमा नाम समावेश गर्ने वा मेटाउने सम्बन्धी विवादहरूको निर्णय गर्नेछन्। निर्वाचन आयोगले जारी गरेको अधिसूचना अनुसार, यो निर्णय सर्वोच्च न्यायालयको १० मार्च को आदेश अनुसार र कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशको सिफारिसको आधारमा लिइएको हो। गठन गरिएका १९ न्यायाधिकरणहरूमध्ये १८ वटा उच्च न्यायालयका सेवानिवृत्त न्यायाधीशहरूले अध्यक्षता गर्नेछन्, जबकि एउटा न्यायाधिकरणको अध्यक्षता कलकत्ता उच्च न्यायालयका पूर्व मुख्य न्यायाधीशले गर्नु हुनेछ।।निर्वाचन आयोगले अझ भनेको छ कि पूरक मतदाता सूची प्रकाशित भए पछि अपीलहरु ऑनलाइन ईसीआई नेट प्लेटफॉर्मको माध्यम द्वारा वा जिला मजिस्ट्रेट, उप-विभागीय मजिस्ट्रेट वा उप-विभागीय अधिकारिहरुको कार्यालय गएर दर्ता गर्न सकिनेछ।

**चुनाव आयोग-केन्द्रीय बल**

पश्चिम बंगालमा आगामी विधानसभा चुनाउको लागि चुनाउ आयोगले कड़ा सुरक्षा व्यवस्था गर्दै ठूलो संख्यामा केन्द्रिय बलहरूलाई तैनाथ गर्ने निर्णय लिएको छ। राज्य दुई चरणमा हुने चुनाउको लागि केन्द्रिय सशस्त्र पुलिस बल, इण्डिया रिजर्भ बटालियन तथा अन्य राज्यहरूको सशस्त्र पुलिस बल गरी 2,400 कम्पनीलाई तैनाथ गरिनेछ। चुनाउ आयोगद्वारा गए जारी अधिसूचना मार्फत उपरोक्त आशयको जानकारी गराइएको छ। पहिलो चरणमको मतदान आगामी 23 अप्रेलमा हुनेछ भने दोस्रो

चरमको मतदान आगामी 29 अप्रेलमा हुनेछ। यो भन्दा धेरै अगाड़ि नै यहाँ केन्द्रिय बलहरूलाई तैनाथ गरिसकिएको छ। चुनाउ घोषणा हुनु अघि नै तैनाथ गरिएको केन्द्रिय सशस्त्र पुलिस बलका 480 कम्पनी पश्चिम बंगालमा आइसकेको छ। अधिसूचनामा यो पनि बताइएको छ, विशेष गहन पुनरीक्षण अभियान अवधि "तार्किक विसंगति" श्रेणीमा न्यायिक जाँचको लागि पठाइएको मामिलाहरूको पहिलो पूरक सूची आगामी 23 मार्चमा प्रकाशित हुनेछ। अधिसूचना अनुसार दोस्रो चरणको मतदान समाप्त भएपछि पनि 200 कम्पनी इलेक्ट्रनिक भोटिंग मशीन, स्ट्रंग रूम र मतगणना केन्द्रहरूको सुरक्षाको लागि मतगणना पूरा नहुञ्जेलसम्म राज्यमा तैनाथ रहनेछ। यस अतिरिक्त कानून व्यवस्थालाई कायम राख्न अनि चुनाउपछि सम्भावित हिंसालाई रोक्नको लागि 5 सय कम्पनी आगामी आदेशसम्म राज्यमै बस्नेछ। चुनाउ आयोगले राज्य सरकारलाई केन्द्रिय बलहरु सित मिलेर 2,400 कम्पनी सुरक्षा बललाई तैनाथ गर्ने विस्तृत योजना बनाउने निर्देश दिएको छ।

**मुख्यमन्त्री ईद**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले आज कोलकाताको रेड रोडमा आयोजित ईद समारोहमा सामेल भएर केन्द्र सरकार अनि भारतीय जनता पार्टी (भाजपा)-माथि धेरै आरोप लगाउनु भएको छ। मुख्यमन्त्रीले विधानसभा चुनाउ भन्दा धेरै अगाड़िदेखि भइरहेको मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर)- को माध्यमबाट मानिसहरूको मतदान गर्ने अधिकार खोस्ने चेष्टा गरिरहेको आरोप लगाउनु भयो। ईदको नमाजपछि उपस्थित हजारौं मानिसहरूलाई सम्बोधन गर्नु हुँदै ममता ब्यनर्जीले भन्नु भयो, उहाँको पार्टीले कुनै पनि स्थितिमा मानिसहरूको भोट दिने अधिकार खोसिन नदिने बताउनु भयो। उहाँले भन्नु भयो लोकतन्त्र र नागरिक अधिकारहरूको रक्षा गर्नको लागि तृणमूल कंग्रेसले अन्तसम्म संघर्ष गर्नेछ। मुख्यमन्त्रीले भन्नु भयो एसआईआर प्रक्रियामा धेरैजना मानिसहरूको नाम मतदाता सूचीबाट हटाइएको छ। मुख्यमन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदी विशेष गहन संशोधन प्रक्रियाको पछाडि मुख्य योजनाकार भएको आरोप लगाउनु भयो। मुख्यमन्त्रीले बंगालको साम्प्रदायिक सौहार्दको परम्पराको उल्लेख गर्दै भन्नु भयो, यहाँ सबै धर्म मिलेर बस्छ र राज्यको सामाजिक एकतालाई भंग गर्ने कुनै पनि प्रयासलाई स्वीकार गरिनेछैन। रेड रोडमा हुने ईदको यो वार्षिक आयोजन पूर्वी भारतको सबैभन्दा विशाल धार्मिक आयोजनहरूमध्ये एक मानिन्छ। चुनावी वर्षमा यो कार्यक्रमलाई राजनीतिक रूपमा पनि महत्वपूर्ण मानिएको छ| अर्को तर्फ भाजपाका नेता शुभेन्दु अधिकारीले ईदको अवसरमा रेड रोडको कार्यक्रममा मुख्यमन्त्रीको सम्बोधनको आलोचना गर्नु भयो। उहाँले भन्नु भयो मुस्लिम संगठनहरूले यस पवित्र अवसरलाई राजनीतिकरण गर्ने प्रयास गरेकोमा मुख्यमन्त्रीको निन्दा गर्नुपर्छ।

**शुभेन्दु अधिकारी- ईद**

पश्चिम बंगाल विधान सभाका विपक्षी नेता शुभेन्दु अधिकारीले आज मुख्यमन्त्री ममता बनर्जीले प्रधानमन्त्री नरेन्द्र मोदी विरुद्ध गरेको आपत्तिजनक टिप्पणीहरुलाई अस्वीकार्य भनेर बताउनु भएको छ। उहाँले रेड रोडमा ईदको अवसरमा आयोजित कार्यक्रमको धार्मिक मञ्चबाट यस्तो टिप्पणी गर्नु त्यो मञ्चको दुरुपयोग हो र कोलकाता खिलाफत समितिले यस विषयमा ध्यान दिनुपर्ने बताउनु भयो। श्री अधिकारीले भन्नु भयो प्रधानमन्त्री नरेन्द्र मोदी केवल भाजपाका प्रधानमन्त्री मात्र नभई सम्पूर्ण देशको प्रधानमन्त्री भएको दाबी गर्नु भयो| उहाँले भन्नु भयो प्रधानमन्त्रीको बारेमा यस्तो भाषाको प्रयोग निन्दनीय छ, र कोलकाता खिलाफत समितिले यस सम्बन्धमा लिखित रूपमा औपचारिक आपत्ति दर्ता गर्नुपर्छ।

**शुभेन्दु अधिकारी चुनाव अभियान**

पश्चिम बंगाल विधान सभाका विपक्षी नेता शुभेन्दु अधिकारीले आज दक्षिण कोलकाताको भवानीपुर निर्वाचन क्षेत्रबाट आफ्नो चुनाव अभियान सुरु गर्नु भएको छ। श्री अधिकारी यस पल्ट भवानीपुरबाट तृणमूल कांग्रेसकी उम्मेदवार मुख्यमन्त्री ममता ब्यानर्जी विरुद्ध चुनाव लड्नु हुनेछ। उहाँले प्रसिद्ध कालीघाट मन्दिरमा प्रार्थना गरेर आफ्नो अभियान सुरु गर्नु भयो। त्यसपछि, मिडियासँग अन्तर्क्रिया गर्दै श्री अधिकारीले भन्नु भयो, "विशेष गहन संशोधन (SIR) को बारेमा चिन्ता र हारको डर मुख्यमन्त्रीको आचरणमा स्पष्ट रूपमा प्रतिबिम्बित हुन्छ। उहाँले भन्नु भयो, संकेतहरू स्पष्ट छन्। आम जनताले महसुस गरिसकेका छन् कि उनी छटपटाइरहेकी छन्। भवानीपुरको लागि भाजपा उम्मेदवारको रूपमा आफ्नो मनोनयनको बारेमा बोल्नु हुँदै उहाँले भन्नु भयो यसले भवानीपुरको बारेमा भाजपा कति गम्भीर छ भनेर देखाउँछ। म एक अनुशासित पार्टी कार्यकर्ता र प्रधानमन्त्री नरेन्द्र मोदीको अनुयायी

हुँ, र मैले पार्टीको निर्देशन पालना गरेको छु। भवानीपुरको साथै, श्री अधिकारीले पूर्वी मेदिनीपुर जिल्लाको नन्दीग्रामबाट पनि चुनाव लड्ने छन्।

**गोरखाल्याण्ड क्षेत्रीय प्रशासन**

गोरखाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) प्रमुख अनित थापाको उपस्थितिमा दार्जिलिङ्गस्थित भानु भवनमा रामनवमी तथा चैते दसैँ भव्य रूपमा मनाउने विषयमा एक महत्वपूर्ण बैठक सम्पन्न भएको छ। बैठकमा पहाडका विभिन्न संघ–संस्था तथा धार्मिक प्रतिष्ठानका प्रतिनिधिहरू सहभागी रहेका थिए। सहभागीहरूले सामूहिक रूपमा पर्वलाई एकताबद्ध ढंगले मनाउने आवश्यकता माथि जोड दिएका थिए। सभामा उपस्थित प्रतिनिधिहरूको सल्लाह अनुसार यस वर्ष रामनवमीलाई भव्य रूपमा मनाउने निर्णय लिइएको छ।

**ईद-उल-फित्र**

दार्जिलिङ पहाडमा मुस्लिम समुदायका मानिसहरूले आज ईद-उल-फित्रको पर्व हर्षोल्लासको साथ मनाएका छन्। दार्जिलिङ शहर क्षेत्रका मुस्लिम समुदायले बोटानिकल गार्डन रोडस्थित दार्जिलिङ जामा मस्जिदमा धेरै उत्साहको साथ ईद पर्व मनाएका छन्। पवित्र रमजान महिनाको अन्तपछि मनाइने यस पर्वले नयाँ मौसमको आगमनसँगै आपसी भाइचारा, शान्ति र एकताको सन्देश फैलाउने गर्दछ भने यस विषयमा अन्जुमन-ए-इस्लामिया दार्जिलिङका इमाम मोहम्मद अली कादरीले जानकारी दिनु भएको छ। यसै गरि, दार्जिलिंग पहाडका विभिन्न स्थानहरू साथै खरसांग शहरमा पनि आज मुस्लिम समुदायका मानिसहरुले ईद-उल-फित्रको पर्व हर्षोल्लास तथा श्रद्धाका साथ मनाएका छन्। मुस्लिम समुदायका मानिसहरुले शहरका विभिन्न मस्जिदहरुमा एकत्र भएर विश्व शान्ति, भाइचारा अनि एकताको लागि प्रार्थना गरेका छन्।

**भाजपा प्रार्थी भरत छेत्री**

कालेबुङ विधान सभा क्षेत्रका लागि भाजपा प्रार्थी तथा भारतीय हकी टीमका पुर्व कप्तान भरत छेत्रीले पहिलोपल्ट मिडियालाई सम्बोधन गर्नु भएको छ। उहाँले आफू खेल क्षेत्रबाट आएको बताउनु हुँदै यहाँका खेलप्रेमी युवाहरूका लागि अझ बढी काम गर्न सकिने विश्वास व्यक्त गर्नु भयो। खेलकुदमार्फत युवाहरूलाई अवसर प्रदान गर्दै उनीहरूको भविष्य उज्ज्वल बनाउन सकिने उहाँले बताउनु भयो। राजनीतिमा प्रवेश गर्नुको उद्देश्य ठूलो स्तरमा जनताको सेवा गर्नु रहेको उल्लेख गर्नु हुँदै उहाँले कालेबुङ क्षेत्रका प्रमुख समस्याहरू समाधान गर्ने प्रतिबद्धता जनाउनु भयो। विशेषगरी यातायात, खानेपानी लगायत अन्य आधारभूत पूर्वाधारका समस्याहरू समाधान गर्ने बताउँदै यसपाली डबल इन्जिनको सरकार आउने पनि उहाँले दाबी गर्नु भयो।

**एटीएम धोखाधडी**

सिलीगुड़ी शहरमा सञ्चालित एटीएम धोखाधडी गिरोहको अनुसन्धानको क्रममा, पुलिसले अचम्मलाग्दो जानकारी फेला पारेको छ। बिहारको चम्पारणमा पक्राउ परेका चार युवाहरूको मोबाइल फोनको जाँच गर्दा पाकिस्तानसँग प्रत्यक्ष सम्बन्ध रहेको खुलासा भएको छ। पुलिस अनुसार, अभियुक्त व्यक्तिहरूको व्हाट्सएप खाताहरूमा धेरै पाकिस्तानी फोन नम्बरहरू फेला परेका छन्, जस मार्फत वित्तीय लेनदेन सम्बन्धी निर्देशनहरू जारी गरिएको थियो। यो गिरोहले देशका विभिन्न भागहरूमा गरिब व्यक्तिहरूलाई लक्षित गर्दै, प्रभावकारी रूपमा उनीहरूको अवैध कार्यहरूको लागि उनीहरूको बैंक खाताहरू "भाडामा" लिने गरेको अनुसन्धानको क्रममा खुलासा भएको छ। पाकिस्तानबाट सिधै यी खाताहरूमा रकम स्थानान्तरण गरिएको थियो। पक्राउ परेका अभियुक्तहरूले यी खाताहरूसँग सम्बन्धित एटीएम कार्डहरू र पिनहरू प्रयोग गरेर नगद निकाल्ने र पछि अन्य खाताहरूमा रकम स्थानान्तरण गर्ने गर्थे। पुलिसले सिलिगुडीका एक स्थानीय बासिन्दाको बैंक खातामा पाकिस्तानबाट पैसा स्थानान्तरण गरिएको संकेत गर्ने प्रमाणहरू पनि प्राप्त गरेको छ। सिलिगुडीका पुलिस आयुक्त सैयद वकार रजाले बताए अनुसार, पाकिस्तानबाट आउने रकमले ठूलो र अन्तर्निहित षड्यन्त्रको सम्भावनालाई संकेत गर्छ। श्री रजाले पुलिसले अब यस नेटवर्कको जडानको पूर्ण सीमा निर्धारण गर्न र यसको वास्तविक मनसाय उजागर गर्न काम गरिरहेको छ।

**पश्चिम बंगाल – आर.जी. कर**

कोलकाता पुलिसको गुप्तचर विभागको होमीसाइड ब्रांच \ले आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा भएको लिफ्ट दुर्घटनाको अनुसन्धानको जिम्मा लिएको छ। बिहीबार र शुक्रबारको मध्यरातमा भएको यो घटनामा अरुप बन्द्योपाध्यायको ज्यान गएको थियो। यस घटनामा दुई सुरक्षाकर्मीसहित पाँच जनालाई पुलिसले पक्राउ गरेको छ। आज न्यायालयले अभियुक्तलाई २७ मार्च सम्म पुलिस हिरासतमा राख्न आदेश दिएको छ। घटनास्थलमा फोरेन्सिक टोली पुगेको छ। यो घटनाले राजनीतिक तनाव बढाएको छ, जुन लगभग डेढ वर्षअघि सोही संस्थामा भएको "अभया" दुष्कर्म र हत्या प्रकरणपछि आएको हो।

**भाजपा खरसाङ बैठक**

खरसाङस्थित पार्टी कार्यालयमा आज भारतीय जनता पार्टी (भाजपा) खरसाङ अन्तर्गतका सबै १५ वटा मण्डलका अध्यक्षहरू तथा प्रतिनिधिहरूको एक महत्वपूर्ण बैठक सम्पन्न भयो। बैठकमा पार्टीका वर्तमान गतिविधि, संगठन सुदृढीकरण तथा आगामी निर्वाचन रणनीतिबारे विस्तृत छलफल गरिएको थियो। यस अवसरमा हालै मनोनयन प्राप्त उम्मेदवार सोनाम लामालाई स्वागत गर्दै उहाँको सफलताको कामना व्यक्त गरियो। कार्यक्रममा सहभागी नेता तथा कार्यकर्ताहरूले उहाँप्रति पूर्ण समर्थन जनाउँदै आगामी निर्वाचनमा विजय हासिल हुनेमा दृढ विश्वास व्यक्त गरे। उनीहरूले यस पल्ट पार्टीले स्थानीय भूमिपुत्र तथा दीर्घकालदेखि समर्पित कार्यकर्तालाई उम्मेदवार बनाएकोमा गर्व व्यक्त गर्दै यसले जनताको विश्वास जित्ने विश्वास व्यक्त गरे। मण्डल अध्यक्षहरूले पनि पश्चिम बंगालमा यस पल्ट भाजपा सरकार गठन हुनेमा पूर्ण आशावादी रहेको धारणा राखे। साथै, गोर्खा समुदायले आफ्नो अधिकार र न्याय प्राप्त गर्ने अपेक्षासहित यस निर्वाचनमा ऐतिहासिक जित हासिल गर्ने प्रतिबद्धता जनाएको छ।

**सचेतना कार्यक्रम**

सोनादाको होली क्रस कन्या उच्चत्तर माध्यमिक विद्यालयमा सेफ ड्राइभ सेभ लाइभ कार्यक्रम आयोजना गरिएको छ। यस सचेतना कार्यक्रम सोनादा ट्राफिक पुलिस र सोनादा पुलिस आउट पोष्टको संयुक्त आयोजनामा सम्पन्न भयो। यस कार्यक्रममा ड्रग्स सचेतना, साईबर क्राइम, बाल विवाह विषयमा विद्यार्थीहरुलाई सचेत गरियो। यस कार्यक्रममा सोनादा ट्राफिक पुलिस प्रभारी सबीन दर्नालले आफ्नो सम्बोधनमा ट्राफिक नियमहरु विषयमा जानकारी दिनु भयो। कार्यक्रममा बाल विवाहमा विषयमा एलएसआई पुनम राईले विस्तृत रूपमा जानकारी दिनु भयो। कार्यक्रममा सोनादा पुलिस आउट पोष्टको प्रभारी विवेक छेत्रीले साईबर सुरक्षा विषयमा बोल्नु भयो। ड्रग्सको प्रयोग खतरा रहेको र यसको रोगथाम विषयमा अतिथि स्रोत व्यक्ताको रुपमा सिलगढीबाट आएका रेवन थापाले ड्रग्सको सेवनले हुने हानी विद्यार्थीहरुलाई बताउनु भयो। यस कार्यक्रममा शिक्षक शिक्षिकाहरु, विद्यार्थीहरु, अभिभावकहरु र स्थानीयहरु उपस्थिति रहेको थियो। कार्यक्रममा डकुमेन्ट्री भिडियो पनि प्रदर्शन गरिएको थियो।

**सन्दकपु हिमपात**

सन्दकपु क्षेत्रमा आज व्यापक हिमपात भएको छ। लगभग एक फिट भन्दा बढी हिमपात भइसकेको स्थानीयवासीहरुले बताएका छन्। हिमपात सँगै क्षेत्रमा अत्यधिक चिसो बढेको छ भने हिमपातका कारण गाडीहरूको आवतजावतमा पनि असर परेको छ। सन्दकपु पुगेका पर्यटकहरू भने उत्साहित देखियो| सेताम्मे हिउले ढाकिएको दृश्यले उनीहरूमा विशेष आकर्षण थपेको छ। यता दार्जीलिङ पहाडमा पनि हिमपातको प्रभावको कारण चिसो धैरै बढेको छ भने हिज बेलुकी देखिनै लगातार पानी परिरहेको छ।

**मौसम**

कोलकाताको अलिपुर मौसम विभागले आगामी केही दिनहरु सम्म राज्यभरी नै वर्षा हुने पूर्वानुमान गरेको छ| मौसम विभागले उत्तर बंगालमा दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी, अलिपुरद्वार र कुचबिहार जिल्लाहरूमा भारीदेखि धैरै भारी वर्षा हुने चेतावनी जारी गरेको छ।

**********